हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

च. नं.१९१६।२०७९।०८०

मिति: २०७९।११।२३

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरवारप्लाजा,
काठमाण्डौ ।

विषय: उन्तिसौ वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र विषयसूची तथा साधारण सभा गर्ने प्रयोजनको लागि शेयर दाखिल खारेज वन्द गरिने वारे ।

उक्त सम्वन्धमा संचालक समितिको मिति २०७९ फागुन २३ गते दिउसो ३.०० वजे सम्पन्न वैठक नं. ३०१ को निर्णयानुसार यस कम्पनीको उन्तिसौ वार्षिक साधारण सभा **मिति २०७९ चैत्र २९ गते बुधवार विहान ११.०० वजे वानेश्वर व्याङ्केट, थापागाँउ, काठमाण्डौमा** सम्पन्न हुने भएको हुदा साधारण सभा प्रयोजनको लागि **२०७९ चैत्र ०३ गते एक दिन** कम्पनीको शेयर दाखिल खारेज वन्द गरिने व्यहोरा अनुरोध गर्दछु । साथै २९ औ वार्षिक साधारण सभाको विषयसूची निम्न अनुसार हुने व्यहोरा अनुरोध गर्दछु ।

(क) सामान्य प्रस्ताव

(१)उन्तिसौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७८।०७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२)साविक हिमालयन जनरल ईन्स्योरेन्स कं. लि. को आर्थिक वर्ष २०७८।०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्यूटीमा भएको परिवर्तन र तत्सम्वन्धि अनुसूचीहरु पारित गर्ने ।

(३)साविक एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड को आर्थिक वर्ष २०७८।०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्यूटीमा भएको परिवर्तन र तत्सम्वन्धि अनुसूचीहरु पारित गर्ने ।

(४)संचालक समितिको सिफारिस वमोजिम चुक्ता पूंजी रु.२,२३,९९,३६,७०० को २.७५ प्रतिशतले हुन आउने रु.६,१५,९८,३०० को वोनश शेयर प्रदान गर्दा लाग्ने कर वापत चुक्ता पूंजीको ०.१४ प्रतिशतका दरले हुने रु.३२,४२,०१६ नगद लाभांश प्रस्ताव गर्ने ।

(५) आर्थिक वर्ष २०७९।०८० को लागि लेखापरीक्षको नियुक्ती र निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम अनुमोदन गर्ने ।

(६)समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फवाट संचालक समितिको प्रतिनिधित्व गर्ने संचालक पद ३ तथा समूह 'ख' का शेयरधनीहरुको तर्फवाट संचालक समितिको प्रतिनिधित्व गर्ने संचालक पद २ को निर्वाचन सम्पन्न गर्ने ।

(७) विविध ।

(ख) विशेष प्रस्ताव

(१) संचालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पूंजी रु.२,२३,९९,३६,७०० को २.७५ (दुई दशमलव सात पांच) प्रतिशतले हुन आउने रु.६,१५,९८,३०० वरावरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखि नजिकको पुरा अंक कायम गर्ने । साथै वोनश शेयर जारी गर्दा

काठमाण्डौ

जारी तथा चुक्ता पूंजी वृध्दि हुने भएवाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।
(२) विशेष प्रस्तावको संशोधनहरुबाट प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
(३) विविध ।

ध्रुव प्रसाद न्यौपाने
कम्पनी सचिव

हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. काठमाण्डौ

**बोधार्थ**
श्री नेपाल धितोपत्र वोर्ड, सातदोवाटो, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री एनएमवि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौ ।